


# ओ३म्

नमो विश्वम्भराय जगदीश्वराय

**अथ गोकरुणानिधिः**

स्वामिदयानन्दसरस्वतीनिर्मितः

गाई आदि पशुहरुको रक्षा बाट सबै प्राणिहरुको सुखको लागि अनेकौं सत्पुरुषहरुको सम्मति अनुसार आर्यभाषामा बनाएँ।

---

ओ३म् नमो नमः सर्वशक्तिमते जगदीश्वराय ॥

**गोकरुणानिधिः**

इन्द्रो विश्वस्य राजति। शन्नो अस्तु द्विपदे शं चतुष्पदे ॥

- य. अ. ३६। मं. ८ ॥

तनोतु सर्वेश्वर उत्तमम्बलं गवादिरक्षं विविधं दयेरितः।
अशेषविघ्नानि निहत्य नः प्रभुः सहायकारी विदधातु गोहितम् ॥१॥
ये गोसुखं सम्यगुशन्ति धीरस्ते धर्म्मजं सौख्यमथाददन्ते।
क्रूरा नराः पापरता न यन्ति प्रज्ञाविहीनाः पशुहिंसकास्तत् ॥२॥

## भूमिका

ति धर्मात्मा विद्वान्हरु धन्य हुन्, जसले ईश्वरको गुण, कर्म, स्वभाव, अभिप्राय, सृष्टि-क्रम, प्रत्यक्षादि प्रमाण र आप्तहरुको आचार देखि अविरुद्ध हिंडेर सब संसारलाई सुख पुर्याउँछन्। र शोक छ तिनीहरुमा जसले यी देखि विरुद्ध स्वार्थी दयाहीन भएर जगत्मा हानि गर्नकै लागि वर्त्तमान छन्। पूजनीय जन ति हुन् जसले आफ्नो हानि हुँदा हुँदै पनि सबको हित गर्नमा आफ्नो तन, मन, धन लगाउँछन्। र तिरस्करणीय ति हुन् जसले केवल आफ्नो मात्र लाभमा सन्तुष्ट रहेर सबको सुखको नाश गर्दछन्।

यो सृष्टिमा यस्तो कुन मनुष्य होला जसले सुख र दुःखलाई स्वयं नमान्दो हो ? के यस्तो पनि कुनै मनुष्य होला जसको घाँटी काटियोस् वा रक्षा गरियोस्, त्यसले दुःख र सुखको अनुभव नगरेको होस् ? जब सबलाई लाभ र सुखमा नै प्रसन्नता छ भने विना अपराध कुनै प्राणीको प्राणवियोग गरेर आफ्नो पोषण गर्नु यो सत्पुरुषहरुको समिपमा निन्द्य कर्म किन नहुने? सर्वशक्तिमान् जगदीश्वरले यस सृष्टिमा मनुष्यहरुको आत्मा मा आफ्नो दया र न्याय प्रकाशित गरोस् जसबाट यी सब दया र न्याययुक्त भएर सर्वदा सर्वोपकारक काम गरुन, र स्वार्थपनले पक्षपातयुक्त भएर कृपापात्र गाई आदि पशुहरुको विनाश नगरुन, जसबाट दुग्ध आदि पदार्थहरु र खेती आदि क्रियाको सिद्धि बाट युक्त भएर सब मनुष्य आनन्दमा रहुन।

यस ग्रन्थमा जे जति अधिक, न्यून वा अयुक्त लेख भएको होस् त्यसलाई बुद्धिमानहरुले यस ग्रन्थको तात्पर्य अनुकूल गर्नु। धार्मिक विद्वानहरुको यही योग्यता हुन्छ कि वक्ताको वचन र ग्रन्थकर्त्ताको अभिप्राय अनुसार नै सम्झन्छन्। यो ग्रन्थ यसै अभिप्रायले रचिएको हो कि जसबाट गौ आदि पशु जहां सम्म सामर्थ्य छ, बचाइयोस र तिनलाई बचाउनाले दुध, घीउ र खेती बढ्नाले सबको सुख बढिरहोस्। परमात्माले कृपा गरुन कि यो अभीष्ट अति शीघ्र सिद्ध होस्।

यस ग्रन्थमा तीन प्रकरण छन् – एक समीक्षा, दोस्रो नियम र तेस्रो उपनियम। यसलाई ध्यान दिएर पक्षपात छोड्दै विचार पूर्वक राजा तथा प्रजाले यथावत् उपयोगमा ल्याउनु जसबाट दुवैको लागि सुख बढीरहोस्।

॥इति भूमिका॥

# अथ समीक्षा-प्रकरणम्

## गोकृष्यादिरक्षिणीसभा

यस सभाको नाम **गोकृष्यादिरक्षिणीसभा** यसकारणले राखिएको हो जसबाट गवादि पशु र कृष्यादि कर्म्मको रक्षा र वृद्धि भएर सब प्रकारको उत्तम सुख मनुष्यादि प्राणिहरुलाई प्राप्त भइरहोस, र यो विना निम्नलिखित सुख कदापि प्राप्त हुन सक्दैन।

सर्वशक्तिमान् जगदीश्वरले यस सृष्टिमा जे जे पदार्थ बनाएको छ, ति सब निष्प्रयोजन छैनन्, किनकि एक एक वस्तु अनेक अनेक प्रयोजनको लागि रचिएको हो। त्यसैले ति बाट त्यहि नै प्रयोजन लिनु न्याय हो अन्यथा अन्याय। हेरौं, जेको लागि यी नेत्र बनाएको हो, यी बाट त्यहि कार्य लिनु सबलाई उचित हुन्छ, यो हैन कि यिनको पूर्ण प्रयोजन लिए बिना नै बीचमा नष्ट गरिदिइयोस्। के जुन जुन प्रयोजनहरुको लागि परमात्माले जुन जुन पदार्थ बनाएको छ, ति ति बाट त्यो त्यो प्रयोजन नलिएर तिनलाई पहिल्यै विनष्ट गरिदिनु सत्पुरुषहरुको विचारमा नराम्रो काम हैन? पक्षपात छोडेर हेर्नुस्, गाई आदि पशु र कृषि आदि कर्म बाट सब संसारलाई असंख्य सुख प्राप्त हुन्छ वा हुन्न ? जसरि दुई र दुई को जोडफल चार हुन्छ, त्यस्तै सत्यविद्याले जुन जुन विषय जानिन्छन् ति कदापि अन्यथा हुन सक्दैनन्।

एउटा गाईले न्यून भन्दा न्यून दुई सेर दुध दिन्छ, र अर्कोले बीस सेर दिन्छ भने प्रत्येक गाईको एघार सेर दुध हुनुमा कुनै शंका छैन। यस हिसाबले एक महिनामा सवा आठ मन दुध हुन्छ। एउटा गाईले कम्तिमा ६ महीना र अर्कोले बढीमा १८ महीना सम्म दुध दिन्छ भने दुवैको मध्यभाग प्रत्येक गाईले दुध दिने १२ महीन हुन्छ। यस हिसाबले १२ महिनाको दुध ९९ मन हुन्छ। यति दुधमा प्रति सेर एक छटाक चामल र डेढ छटाक गुड या मिश्री राखेर खीर बनाएर खानेहो भने प्रत्येक व्यक्तिको लागि दुई सेर दुधको खीर पुष्कल हुन्छ। किनकि यो पनि एक मध्यभागको गन्ति हो, अर्थात् कसैले दुई सेर दुधको खीर भन्दा अधिक खान्छ र कसैले न्यून। यस हिसाबले एक प्रसूता गाईको दुध बाट १९८० (एक हजार नौ सय अस्सी) मनुष्य एक पटकमा तृप्त हुन्छन्। गाई न्यून भन्दा न्यून आठ र अधिक भन्दा अधिक अठार पटक ब्याउँछ, यसको मध्यभाग तेह्र पटक आयो, यसरि २५७४० (पच्चीस हजार सात सय चालीस) मनुष्य एउटा गाईको जीवन भरिको दुध मात्रले एक पटक तृप्त हुन सक्छन्।

यस गाईको एक पिढीमा छ बाच्छी र सात बाच्छा भए। यिनमा एकको मृत्यु रोगादि बाट हुन सम्भव छ, त्यहि पनि बाह्र वटा त बचे। ति छ वटा बाच्छीहरुको दुध मात्रले उक्त प्रकार १५४४४० (एक लाख चवन्न हजार चार सय चालीस) मनुष्यहरुको पालन हुन सक्छ। अब रहे छ बहर, ति दुवै साखमा एक जोडी बाट दुई सय मन अन्न उत्पन्न हुन सक्छ। यस प्रकार तीन जोडीले छ सय मन अन्न उत्पन्न गर्न सक्छन्, र तिनको कार्यको मध्यभाग आठ वर्ष हुन्छ। यस हिसाबले चार हजार आठ सय मन अन्न उत्पन्न गर्ने शक्ति एक जन्ममा तीन जोडीको हुन्छ। ४८००मन अन्न बाट प्रत्येक मनुष्यलाई तीन पाउ अन्नको भोजन गन्नेहो भने २५६००० (दुई लाख छपन्न हजार) मनुष्यहरुको एक पटकको भोजन हुन्छ। दुध र अन्नलाई मिलाएर हेर्दा निश्चय नै ४१०४४० (चार लाख दश हजार चार सय चालीस) मनुष्यहरुको पालन एक पटकको भोजनले हुन सक्छ। अब छ वटा गाईको पिढी-परपीढिहरुको हिसाब लगाएर हेर्नेहो भने असंख्य मनुष्यहरुको पालन हुन सक्छ। र यसको हत्या गरेर प्राप्त हुने मासुले अनुमान गरौं, लगभग असी मांसाहारी मनुष्य एक पटक तृप्त हुन सक्लान्। हेरौं ! तुच्छ लाभको लागि लाखौं प्राणिहरुलाई मारेर असंख्य मनुष्यहरुको हानि गर्नु महापाप किन हुन्न?

यद्यपि गाईको दुध भन्दा भैंसीको दुध केहि अधिक र बहर भन्दा राँगाले केहि न्यून लाभ पुर्याउँछन् तथापि जति गाईको दुध र बहरको उपयोग बाट मनुष्यहरुलाई सुखको लाभ हुन्छ त्यति भैंसीको दुध र राँगा बाट हुन्न। किनकि जति आरोग्यकारक र बुद्धिवर्द्धक आदि गुण गाईको दुध र बहारमा हुन्छ, त्यति भैंसीको दुध र राँगा आदिमा हुन सक्दैन। त्यसैले आर्यहरुले गाईलाई नै सर्वोत्तम मानेका हुन्।

र ऊंटनीको दुध गाई र भैंसीको दुध भन्दा पनि अधिक हुन्छ, तर पनि यिनको दुध जस्तो गुण हुन्न। ऊंट र ऊंटनीको गुण भार उठाएर शीघ्र पुर्याउनको लागि प्रशंसनीय छ। जसरि ऊंट-ऊंटनी बाट लाभ हुन्छ, त्यस्तै घोडा-घोडी र हात्ती आदि बाट अधिक कार्य सिद्ध हुन्छन्। यस्तै प्रकारले सुँगुर, कुकुर आदि पशु तथा कुखुरा, मयुर आदि पंक्षीहरु बाट पनि अनेक उपकार हुन्छन्। जुन मनुष्यले हरिण र सिंह आदि पशु र मयुर आदि पंक्षीहरु बाट पनि उपकार लिन चाहेमा लिन सक्छ, तर सबको रक्षा उत्तरोत्तर समयानुकूल हुनेछ। वर्तमानमा परमोपकारक गौको रक्षामा मुख्य तात्पर्य छ। दुवै प्रकारले मनुष्य आदिको प्राणरक्षण, जीवन, सुख, विद्या, बल र पुरुषार्थ आदिको वृद्धि हुन्छ - एक अन्नपान, अर्को कपडा। यसमा मध्ये अन्नपान विना मनुष्यादिको सर्वथा प्रलय र कपडा विना अनेक प्रकारको पीडा प्राप्त हुन्छ।

हेर्नुस्, जुन पशुहरुले निःसार घास तृण पात फल फूल आदि खान्छन् र सार रुप दूध आदि अमृतरूपी रत्न दिन्छन्, हलो, गाडा आदि तानेर अनेक विधी अन्न आदि उत्पन्न गरेर सबको बुद्धि बल पराक्रम बढाएर नीरोगिता गर्दछन्, पुत्र, पुत्री र मित्र आदि समान मनुष्यहरुका साथ विश्वास र प्रेम गर्दछन्, जहाँ बाँध्यो त्यहीं रहन्छन्, जहाँ लग्यो त्यहाँ सजिलै जाने र जहाँ बाट हटायो सजिलै हट्ने, हेर्ने र बोलाउने गर्दा सजिलै समीप आउने, कहिले काहीं व्याघ्रादि पशु वा मार्नेलाई देखेर आफ्नो रक्षाको लागि यसले हाम्रो रक्षा गर्नेछ भनेर पालन गर्नेको समीपमा दौडेर आउने। मरेर गए पछी जसको चर्मले पनि कंटक आदि बाट रक्षा गर्ने, जंगलमा चरेर आफ्ना बच्चा र स्वामीको लागि दुध दिन नियत स्थानमा नियत समयमा टुपुक्क आइपुग्ने, आफ्नो स्वामीको रक्षाको लागि तन मन लगाउने, जसको सर्वस्व राजा र प्रजा आदि मनुष्यहरुको सुखको लागि छ, इत्यादि शुभगुणयुक्त,

सुखकारक पशुहरुको घाँटीमा खुकुरी तथा छुरा धसेर जुन मनुष्यले आफ्नो पेट भर्छन् र समस्त संसारको हानि गर्दछन्, के संसारमा ति भन्दा पनि अधिक कोहि विश्वासघाती, अनुपकारक, दुःख दिने र पापी मनुष्य होलान्?

त्यसैले यजुर्वेदको प्रथम मंत्रमा नै परमात्माको आज्ञा छ कि - **अघन्याः यजमानस्य पशून् पाहि** अर्थात्, हे मनुष्य ! तैंले यी पशुहरुलाई कदापि नमार्, र यजमान अर्थात् सबलाई सुख दिने मनुष्यहरुको सम्बन्धी पशुहरुको रक्षा गर्, जसबाट तेरो पनि पूरा रक्षा हुनेछ। र त्यसैकारण ब्रह्मा देखि आज पर्यन्त आर्यहरुले पशुहरुको हिंसामा महापाप र अधर्म सम्झन्थे, र अहिले पनि सम्झन्छन् । र यिनको रक्षा बाट अन्न पनि महंगो हुँदैन, किनकि दुध आदि अधिक भएमा गरिबले पनि खान पाइने हुनाले न्यून नै अन्न खान्छ, र अन्न कम खानाले मल पनि कम हुन्छ। मल न्यून हुनाले दुर्गन्ध पनि न्यून हुन्छ, दुर्गन्ध स्वल्प हुनाले वायु र वृष्टिजलको अशुद्धि पनि न्यून हुन्छ। यसबाट रोगको न्यूनता हुनाले सबको सुख बढ्दछ।

यी सब बाट यो ठीक हो कि गो आदि पशुहरु नाश हुनाले राजा र प्रजाको पनि नाश हुन्छ,किनकि जब पशु न्यून हुन्छन् तब दुध आदि पदार्थ र खेती आदि कर्म पनि घट्दै जान्छ। हेर्नुस्, यसैबाट जति मूल्यको जति दुध र घीउ आदि पदार्थ तथा बहर/गोरुआदि पशु सात सय वर्ष पूर्व पाइन्थे, त्यति दुध घीउ र बहर/गोरु आदि पशु अहिले दशगुणा मूल्यले पनि पाउन सकिन्न । किनकि सात सय वर्ष पछी यस भूखण्डमा गवादि पशुहरुलाई मार्ने मांसाहारी विदेशी तथा विदेशी संस्कृति बोकेका मनुष्य आएर बसेका छन् र निक्कै बढेका पनि छन् । तिनीहरुले ति सर्वोपकारी पशुहरुको हाड मांस सम्म पनि छोड्दैनन भने "**नष्टे मूले नैव फलं न पुष्पम्**" जब कारणलाई नै नाश गर्दिनेहो भने कार्य नष्ट किन नहोस्? हे मांसाहारिहरु हो ! तिमीहरु जब केहि समय पश्चात् पशु-पंक्षीहरु पाइन छोडे भने के मनुष्यको मासु पनि छोड्छौ कि छोड्दैनौ ? हे परमेश्वर ! तैंले किन यी मूक पशु-पंक्षीहरु माथि, जो कि विना अपराध मारिन्छन्, दया गर्दैनस ? के तिनिहरु प्रति तेरो प्रीति छैन ? के उनको लागि तेरो न्यायसभा बंद भयो ? किन उनको पीडा छुटाउनमा ध्यान दिन्नस, र उनको पुकार सुन्दैनस। किन यि मांसाहारिहरुको आत्मामा दया प्रकाश गरेर निष्ठुरता, कठोरता, स्वार्थपन र मूर्खता आदि दोषहरु दूर गर्दैनस? जसबाट यिनीहरु यि दुष्कर्म बाट बच्न सकुन् ।

## अथ समीक्षा-प्रकरणम्

## हिंसक र रक्षकको परस्पर संवाद

**हिंसकः** – ईश्वरले सब पशु आदि सृष्टि मनुष्यको लागि रचेको हो, र मनुष्य आफ्नो भक्तिको लागि। त्यसैले मासु खानुमा दोष हुन सक्दैन।

**रक्षकः** – भाई ! सुन, तिम्रो शरीरलाई जुन ईश्वरले बनाएको हो, के त्यसैले पशु आदिको शरीर पनि बनाएको हैन र? यदि तिमिले पशु आदि हामिले खानको लागि बनाएको हो भनेर भन्छौ भने हामि पनि भन्न सक्छौं कि हिंसक पशुहरुको लागि भनेर नै तिमीलाई उसले रचेको हो, किनकि जस्तो तिम्रो चित्त उनको मासुमा लाग्छ, त्यस्तै गरि सिंह, गृध्र आदिको चित्त पनि तिम्रो मासु खानमा लाग्छ, तब उनको लागि तिमि किन हैनौ ?

**हिंसकः** – हेर, ईश्वरले मनुष्यहरुको दाँत तिखा मांसाहारी पशुहरु कै समान बनाएको छ। यसबाट हामि थाहा पाउछौं कि मनुष्यहरुले मासु खानु उचित नै छ।

**रक्षकः** – जुन व्याघ्रादि पशुहरुको दाँतको दृष्टान्तले आफ्नो पक्ष सिद्ध गर्न चाहन्छौ, के तिमि पनि उनकै तुल्य छौ? हेर, तिम्रो मनुष्य जाति उनको पशु जाति, तिम्रा दुई खुट्टा र उनका चार, तिमि विद्या पढेर सत्यासत्यको विवेक गर्न सक्छौ, उनले सक्दैनन्। र यो तिम्रो दृष्टान्त पनि युक्त छैन, किनकि यदि दाँतको दृष्टान्त लिन्छौ भने बाँदरका दाँतको दृष्टान्त किन लिन्नौ ? हेर ! बाँदरका दाँत सिंह र स्याल-बिरालो आदिका समान छन् र तिनले मासु कदापि खाँदैनन्। मनुष्य र बाँदरको आकृति पनि निक्कै हुबहु छ, जस्ता मनुष्यका हात, खुट्टा र नङ आदि हुन्छन्, त्यस्तै बाँदरका पनि हुन्छन् ।त्यसैले परमेश्वरले मनुष्यहरुलाई दृष्टान्तले उपदेश दिएको छ कि जसरि बाँदरले कहिल्यै मासु खाँदैनन् र फलादि खाएर निर्वाह गर्दछ, त्यस्तै तिमि पनि गर्ने गर। जस्तो बाँदरको दृष्टान्त सांगोपांग मनुष्यका साथ घट्छ , त्यस्तो अन्य कसै संग छैन । त्यसैले मनुष्यलाई अति उचित छ कि मासु खान सर्वथा छोडोस्।

**हिंसकः** – हेर ! जो मांसाहारी पशु र मनुष्य छन्, ति बलवान् र जसले मासु खाँदैनन्, ति निर्बल हुन्छन्, त्यसैले मासु खानु पर्छ।

**रक्षकः** – किन असमझको कुरो मानेर केहि पनि विचार गर्दैनौ। हेर, सिंहले मासु खान्छ र बनेल अथवा अर्ना भैंसीले मासु कदापि खाँदैनन्, तर जुन सिंह धैरै मनुष्यहरुको समुदायमा आयो भने एक वा दुईलाई मात्र मार्ला र एक दुई गोली वा तलवारको प्रहार खाएर त्यो मर्छ पनि तर जब वाराही बनेल वा अर्ना भैंसी जुन प्राणिसमुदायमा घेरिन्छन्, तब ति अनेकौं अन्य जनावर र मनुष्यहरुलाई मार्छन् र अनेकौं गोली, भाला-बर्छी तथा तलवार आदिको प्रहारले पनि शीघ्र ढल्दैनन र सिंह पनि तिनको डरले अलग्गै पन्छिन्छ, र ति सिंह देखि डराउँदैनन् पनि।

र यदि प्रत्यक्ष दृष्टान्त हेर्ने बिचार छ भने कुनै मांसाहारी र कुनै दुध घीउ र अन्नाहारी मथुराको मल्ल चौबे संग बाहुयुद्ध भयो भने अनुमान लगाउन सकिन्छ कि चौबेले त्यो मांसाहारीलाई एकै झड्कामा पट्केर उसको छाती माथि चढ्छ। पुनः परीक्षा हुन सक्छ कि के के खानाले बल न्यून र अधिक हुन्छ। अलिकति केहि विचार त गर कि बोक्रा खानाले अधिक बल होला कि रस र जो सार छ त्यो खानाले? मासु बोक्रा समान र दुध र घीउ सार र रस तुल्य छन्, यसलाई जसले युक्तिपूर्वक खाने गर्दछ टी मासु भन्दा अधिक गुण र बलकारी हुन्छ, फेरी मासु जस्तो अखाद्य खानु नै व्यर्थ र हानिकारक छ भने यो अन्याय अधर्म र दुष्ट कर्म किन नहुनु ?

**हिंसकः** – जुन देशमा मासु बाहेक अन्य केहि पनि पाइन्न, त्यहाँ अथवा आपत्कालमा या रोगनिवृत्तिको लागि मासु खानमा दोष हुँदैन।

**रक्षकः** – यो तिम्रो भनाइ व्यर्थ छ, किनकि जहाँ मनुष्य रहन्छन् त्यहाँ पृथिवी अवश्य हुन्छ। जहाँ पृथ्वी छ त्यहाँ खेती वा फल फूल आदि पक्कै पनि हुन्छन्, र जहाँ केहि पनि हुन्न, त्यहाँ मनुष्य पनि रहन सक्दैनन्। र जहाँ ऊसर भूमि छ, त्यहाँ मिष्ट जल र फूल फलाहारादि नहुनाले मनुष्यहरु रहन पनि दुर्घट छ। र आपत्कालमा पनि अन्य उपायहरुले निर्वाह गर्न सकिन्छ, जस्तै मासु नखानेहरुले गर्दछन्। र मासु विना पनि रोगहरुको निवारण औषधिले यथावत् हुन्छ, त्यसैले मासु खानु गलत हो।

**हिंसकः** – यदि कसैले मासु नाखाने हो भने पशु यति बढ्लान कि पृथ्वीमा पनि नअट्न सक्छन्, त्यसैले ईश्वरले तिनको उत्पत्ति पनि अधिक गरेको छ भने मासु किन नखानु?

**रक्षकः** – वाह ! वाह ! वाह ! यो बुद्धिको विपर्यास तिमीलाई मांसाहार बाट नै भएको होला सायद । हेर, मनुष्यको मासु कसैले पनि खाँदैन, पुनः किन बढ्दैनन् । र यिनको अधिक उत्पत्ति यसकारणले भएको हो कि एक मनुष्यको पालन व्यवहारमा अनेक पशुहरुको अपेक्षा छ। त्यसैले ईश्वरले यिनलाई अधिक उत्पन्न गरेको हो।
**हिंसकः** – यी जति पनि उत्तर दिइयो, ति सब व्यवहार सम्बन्धी हुन्, तर पशुलाई मारेर मासु खानुमा अधर्म त हुन्न, र यदि हुन्छ भने तिमिलाई हुन्छ होला, किनकि तिम्रो मतमा निषेध छ। त्यसैले तिमिले नखाऊ र हामि खान्छौं, किनकि हाम्रो मतमा मासु खानु अधर्म हैन।
**रक्षकः** – म तिमीसंग सोध्छु कि धर्म र अधर्म व्यवहारमा नै हुन्छ वा अन्यत्र ? तिमीले कदापि सिद्ध गर्न सक्दैनौ कि व्यवहार भन्दा भिन्न धर्माधर्म हुन्छन्। जुन जुन व्यवहारले अर्काको हानि हुन्छ, त्यो त्यो 'अधर्म' र जुन जुन व्यवहारले उपकार हुन्छ, त्यो त्यो 'धर्म' हुन्छ। तब लाखौँको लागि सुख लाभकारक पशुहरुको नाश गर्नु अधर्म र उनको रक्षा गरेर लाखौँ लाई सुख पुर्याउनु धर्म किन मान्दैनौ ? हेर, चोरी जारी आदि कर्म यसकारणले अधर्म हुन् कि यिन बाट अर्काको हानि हुन्छ। जुन जुन कर्म जगत्मा हानिकारक छन् ति ति 'अधर्म' र जुन जुन परोपकारक छन् ति ति 'धर्म' हुन्।
जब एउटा मानिसको हानि गर्नाले चोरी आदि कर्म पापमा गनिन्छ भने गवादि पशुहरुलाई मारेर धेरैको हानि गर्नु महापाप किन नहुनु ? हेर ! मांसाहारी मनुष्यहरुमा दया-करुणा आदि उत्तम गुण हुँदैनन्, तर स्वार्थवश अर्काको हानि गरेर आफ्नो प्रयोजन सिद्ध गर्नमा सदा तत्पर रहन्छन्। जब मांसाहारीले कुनै पुष्ट पशुलाई देख्छ, तब उसको इच्छा हुन्छ कि यसमा मांस अधिक छ, मारेर खान पाए त राम्रो हुन्थ्यो। र जब मासु नखानेले त्यसलाई देख्छ तब प्रसन्न हुन्छ कि यो पशु आनन्दमा छ। जस्तै सिंह आदि मांसाहारी पशुले कसैको उपकार त गर्दैनन् तर आफ्नो स्वार्थको लागि अन्यको प्राण हरेर मासु खान्छन् र अति प्रसन्न हुन्छन्, त्यस्तै मांसाहारी मनुष्यहरु पनि हुन्छन्। त्यसैले मासु खानु कुनै मनुष्यलाई उचित छैन।
**हिंसकः** – ठिक छ ,यदि  यही कुरो हो भने जब सम्म पशु काममा आउँछ तब सम्म त्यसको मासु नखाने, जब बुढो हुन्छ वा मर्छ तब खानुमा कुनै पनि दोष छैन।
**रक्षकः** – जस्तो दोष हाम्रो उपकार गर्ने माता पिता आदि लाई वृद्धावस्थामा मार्ने र उनको मासु खानुमा छ, त्यस्तै दोष ति पशुहरुको सेवा नगरेर मार्नु र मासु खानुमा छ। र जसले मरे पश्चात् उनको मासु खान्छ, तब त्यसको स्वभाव पनि मांसाहारी हुनाले अवश्य हिंसक भएर हिंसारूपी पाप बाट कदापि बच्न सक्दैन। त्यसैकारणले कुनै पनि अवस्थामा मासु खानु हुँदैन ।
**हिंसकः** – जुन पशु-पंक्षीहरु  अर्थात् जंगलमा रहनेहरु बाट कसैको उपकार नभएर हानि हुन्छ, तिनको मासु खानु हुन्छ कि हुँदैन?
**रक्षकः** – खानु हुँदैन, किनकि तिनीहरु पनि उपकारमा आउन सक्छन् । हेर, सय जना भंगीले जति शुद्धि गर्दछन्, ति भन्दा अधिक पवित्रता एउटा सुँगुर वा कुखुरा अथवा मयुर आदि पंक्षीले सर्प आदिको निवृत्ति गर्ने आदि अनेकौं उत्तम उपकार गर्दछन् । र जसरि मनुष्यहरुको भोजन अन्यले खाँदा उनको जति अनुपकार हुन्छ, त्यस्तै जंगली मांसाहारीहरुको भोजन जंगली पशु र पंक्षीहरु हुन् र जसले विद्या वा विचारले सिंह आदि वनस्थ पशु र पंक्षीहरु बाट उपकार लिन सक्छ भने अनेक प्रकारका लाभ उनीहरु बाट पनि हुन सक्छ। यस कारण माँसाहारको सर्वथा निषेध हुनु पर्दछ।
हामि जसको दुध खाने गर्दछौं, तिनलाई हामि आफ्ना माता पिता समान माननीय किन नमान्ने? ईश्वरको सृष्टि हेर्दा पनि यहि विदित हुन्छ कि मनुष्यहरु भन्दा पशु-पंक्षी आदि अधिक रहनाले कल्याण छ । किनकि ईश्वरले मनुष्यहरुको भोज्य पदार्थ भन्दा पनि पशु-पंक्षीहरुको भोज्य पदार्थ घास, वृक्ष, फूल, फलादि अधिक रचेको छ, र ति नजोतेर, नरोपेर र सिंचाई नगरेर नै पृथ्वीमा स्वयं उत्पन्न हुन्छन्। र त्यहाँ वृष्टि पनि हुन्छ, त्यसैले यहि सम्झनु पर्छ कि ईश्वरको अभिप्राय उनलाई मार्नमा हैन रक्षा गर्नमा छ ।
**हिंसकः** – जुन मनुष्यले पशुलाई मारेर मासु खान्छन् तिनलाई पाप हुन्छ, र जसले मूल्य तिरेर किनेको मासु वा भैरव, चामुण्डा, दुर्गा, जखैया अथवा वाममार्ग र यज्ञ आदि रीतिले चढाएको समर्पण गरेर खान्छन् भने तिनलाई पाप नहुनु पर्ने किनकि तिनले विधि गरेर खान्छन्।
**रक्षकः** – यदि कसैले मासु नखानेहो भने, र कसैले उपदेश र अनुमति आदि नदिनेहो भने त पशु-पंक्षी आदि कदापि मारिने थिएनन्। किनकि यस व्यवहारमा बहकावट लाभ र बिक्री नहुने हो भने त प्राणिहरुलाई मार्न बन्द नै हुने थियो। यसमा प्रमाण पनि छ: –

**अनुमन्ता विशसिता निहन्ता क्रयविक्रयी ।**
**संस्कर्त्ता चोपहर्ता च खादकश्चेत्ति घातकाः ॥**

– मनु० अ. ५ । श्लो० ५१ ॥

अर्थ:– अनुमति = मार्नको लागि **आज्ञा दिने**, **मासु काट्ने**, पशु आदि **मार्ने**, तिनलाई मार्नको लागि **लैजाने**, **बेच्ने**, मासु **पकाउने**, **पस्कने** र **खानेहरु** आठ किसिमका मनुष्य घातक हिंसक अर्थात् ति सब पापकारी हुन् ।
र भैरव आदिको निमित्त पनि मासु खानु मार्नु वा मार्न लगाउनु महापापकर्म हो। त्यसैले दयालु परमेश्वरले वेदमा मासु खाने वा पशु आदिलाई मार्ने विधि नदिएर रक्षा गर्ने आदेश दिनुभएको छ ।

मद्य पनि मासु खानुको नै कारण हो, यसै बारे यहाँ संक्षेपले केहि लेखौं–
**प्रमत्तः** – अब भन्नुस् न! मासु त छुट्यो- छुट्यो, तर मद्यमा  कुनै दोष छैन नि है ?
**शान्तः** – मद्य पिउनुमा पनि त्यस्तै दोष छ जस्तो मासु खानुमा छ । मनुष्यहरु मद्य पिउनाले नशाको कारण नष्टबुद्धि हुँदै अकर्त्तव्य गर्दछन् र कर्त्तव्य छोड्छन्, न्यायको अन्याय र अन्यायको न्याय आदि विपरीत कर्म गर्ने गर्दछन्। र मद्यको उत्पत्ति विकृत पदार्थहरु बाट हुन्छ, र ति मांसाहारी अवश्य हुन्छन्, त्यसैले यसलाई पिउनाले आत्मा मा विकार उत्पन्न हुन्छ। र जसले मद्य पिउँछ, त्यो विद्यादि गुण बाट रहित हुन्छ र ति दोषहरुमा फसेर आफ्नो धर्म, अर्थ, काम र मोक्ष फलहरु छोडेर पशुवत् आहार, निद्रा, भय, मैथुन आदि कर्ममा प्रवृत्त हुँदै आफ्नो मनुष्य-जन्मलाई व्यर्थ गर्दिन्छ। त्यसैले नशा अर्थात् मदकारक द्रव्यहरुको सेवन कदापि गर्नु हुँदैन।
जस्तो मद्य छ, त्यस्तै भाङ आदि पदार्थहरु पनि मादक छन्, त्यसैले यिनको सेवन कदापि नगर्नु, किनकि यीनले पनि बुद्धिको नाश गरेर प्रमाद, आलस्य र हिंसा आदिमा मनुष्यलाई प्रवृत्त गर्दछन् । त्यसैले मद्यपान झैं यिनको पनि सर्वथा निषेध नै छ ।

त्यसैले हे धार्मिक सज्जनहरु हो ! तपाइँहरुले यी पशुहरुको रक्षा तन, मन, धनले किन गर्नुहुन्न ? हाय !! ठूलो शोकको कुरो छ कि जब हिंसक मानिसहरुले गाई-भैंसी-राँगा-बहर-गोरु, खसी-बाख्रा-भेडा-बोका आदि पशु र मयुर-कुखुरा-हाँस-परेवा आदि पंक्षीहरुलाई मार्नको लागि लैजान्छन्, तब ति असहाय तथा अनाथहरुले तपाइँ हामीलाई देखेर राजा र प्रजा प्रति ठूलो शोक प्रकाशित गर्ने गर्दछन् कि हेर! हामिहरुलाई कुनै अपराध विना बडो कष्टका साथ् मार्ने गर्दछन्, र हामीले रक्षा गर्नेहरु तथा मार्नेहरुलाई पनि दुध आदि अमृत पदार्थ दिनको लागि सदा उपस्थित हुन चाहन्छौं, र मारिन चाहँदैनौं। हेर, हामीहरुको सर्वस्व परोपकारको लागि हो, र हामीलाई तिमिहरुले बचाउला भनेर नै हामि पुकार्ने गर्दछौं किनकि हामीले तिमीहरुको भाषामा आफ्नो दुःख सम्झाउन सक्दैनौं, र तिमीहरुले हाम्रो भाषा जान्दैनौ, नत्र हामि मध्ये कसैलाई पनि कसैले मार्ने थिएन, यदि मार्यो भने हामी पनि तिमीहरुले झैं हामीले पनि ति हत्याराहरुलाई न्यायव्यवस्था मार्फत कठोर दण्ड दिने थियौं? हामीहरु यतिबेला अती नै कष्टमा छौं, किनकि कुनै पनि हामीलाई बचाउनको लागि उद्यत हुँदैन। र यदि कोहि हुन्छ भने पनि उससंग मांसाहारीहरुले द्वेष गर्ने गर्दछन्। अस्तु,

ति त स्वार्थको लागि द्वेष गर्ने गर्दछन्, किनकि 'स्वार्थी दोषं न पश्यति' जो स्वार्थ साध्नमा तत्पर छन्, ति आफ्ना दोषहरुमा ध्यान दिन्नन्, किनकि अरुको हानि हुन्छ भने होस् मलाई सुख हुनु पर्दछ, तर जो उपकारी छन् ति यिनलाई बचाउनमा अत्यन्त पुरुषार्थ गरुन, जस्तो कि आर्यहरु सृष्टिको आरम्भ देखि नै आज सम्म वेदोक्त रीतिले प्रशंसनीय कर्म गर्दै आएका छन्, त्यस्तै सब भूगोलस्थ सज्जन मनुष्यहरुले गर्नु उचित छ।

धन्य छ ति आर्यावर्त्त देशवासी आर्यहरुलाई कि जसले ईश्वरको सृष्टिक्रम अनुसार परोपकारमा नै आफ्नो तन, मन, धन लगाए र लगाउँछन्, त्यसैले आर्यावर्त्तीय राजा, महाराजा, प्रधान र धनाढ्यहरुले आधा पृथ्वीमा जंगल राख्दथे जसबाट पशु र पंक्षीहरुको रक्षा भएर औषधिहरुको सार दुध आदि पवित्र पदार्थ उत्पन्न होस्, जसलाई खाने पीउने गर्नाले आरोग्य, बुद्धि-बल, पराक्रम आदि सदगुणहरु बढुन । र वृक्षहरु अधिक हुनाले वर्षा-जल र वायुमा आर्द्रता र शुद्धि अधिक हुन्छ। पशु र पंक्षी आदि अधिक हुनाले जैविक मल-खाद पनि अधिक हुन्छ। तर अहिलेका मनुष्यहरुको यसको विपरीत व्यवहार छ जस्तो- जंगल मास्नु र मास्न लगाउनु, पशु-पंक्षीहरुलाई मार्नु र मार्न लगाएर खानु र मनुष्य-विष्टा र रासायनिक मल-खाद आदि खेत-बारीमा हालेर अथवा हाल्न लगाएर रोगको वृद्धि गर्ने र संसारको अहित गर्नु, स्वप्रयोजन साधना र परप्रयोजयमा ध्यान नदिनु; इत्यादि काम उल्टा छन्।

'**विषादप्यमृतं ग्राह्यम्**' अर्थात्, विष बाट पनि अमृत लिनु; सत्पुरुषहरुको सिद्धान्त यहि हो । यसै प्रकार गौ आदिको मासु विषवत् महारोगकारी छ; त्यो छोड्नु र तिन बाट उत्पन्न भएका दुध आदि अमृत रोगनाशक छन् त्यो लिनु। अतःएव यिनको रक्षा गरेर विषत्यागी र अमृतभोजी सबै हुनु पर्दछ। सुन बन्धुवर्ग! तिम्रो तन, मन, धन गाई आदिको रक्षारूप परोपकारमा लागेन भने के कामको? हेर, परमपिता परमात्माको स्वभाव जसले सब जगत र सब पदार्थ परोपकार कै लागि रचेको हो, त्यस्तै तिमि पनि आफ्नो तन, मन, धन परोपकार कै लागि अर्पण गर।

बडो आश्चर्यको कुरो छ कि पशु-पंक्षीहरुलाई कुनै पिडा नहोस् भनेर न्यायपुस्तकमा व्यवस्था पनि लेखिएको छ कि जो पशु दुर्बल र रोगी छन् तिनलाई कष्ट नदिनु र जति बोझ सुखपूर्वक उठाउन सक्छन् त्यति मात्र उनि माथि लाद्नु। राजा-महाराजा र ठूला-ठूला विद्वान तथा महापुरुष हरुको विज्ञापन पनि प्रसिद्ध छ कि यी अव्यक्तवाणी पशु-पंक्षीहरुलाई जे जे दुःख दिने गरिन्छ, त्यो त्यो नदिइयोस्। यो सब यहि कुराको पुष्टि हो कि पशु-पंक्षीहरुलाई दुःख नदिइयोस्। तिनलाई मार्नु भन्दा अधिक दुःख अर्को कुनै हुन्छ र? के कुनै अपराधीको लागि मृत्यु-दण्ड भन्दा अधिक दुःख बन्दीगृहमा हुन्छ र? जोसुकै अपराधीसंग सोधियोस कि तिमिलाई मृत्युदण्ड पाउनुमा प्रसन्नता हुन्छ कि बन्दिघरमा रहनुमा? त्यसले स्पष्टसंग भन्नेछ कि मृत्युदण्डमा हैन, बन्दिघरमा रहनुमा।

कुनै मनुष्य भोजन गर्न भनेर उपस्थित होस् र उसको अगाडी बाट भोजनको पदार्थ उठाएर त्यहाँ बाट हटाइयो भने त्यसले सुख मान्ला र? त्यस्तै झैं आजभोलिको समयमा कुनै गाई आदि पशुहरु कुनै सरकारी या सामुदायिक वन-जंगलमा गएर घाँस-पात जुन उनकै भोजनार्थ हुन्, महसूल नदिएर खाए या खाना गए भने बिचरा तिनै पशुहरु र उनको स्वामिहरुको दुर्दशा हुन्छ। जंगलमा आगो लाग्यो भने चाहिं कुनै चिन्ता हुन्न, तर ति पशुहरुले खान नपाउन। हामि भन्दछौं कि कुनै अत्यन्त क्षुधातुर राजा वा राजपुरुषको अगाडी बाट पस्केर दिइएको भोज्य पदार्थ भात, रोटि आदि खोसेर खान नदिनेहो भने र उनको दुर्दशा गरिनेहो भने जस्तो दुःख यिनलाई विदित होला के त्यस्तै ति पशु-पंक्षीहरु र तिनका स्वामिहरुलाई हुन्न होला र?

ध्यान दिएर सुन्नुहोस् कि जस्तो दुःख-सुख आँफू स्वयंलाई हुने गर्दछ, त्यस्तै गरि अन्यलाई पनि सम्झने गरौं र यो पनि ध्यानमा राखौं कि ति पशु आदि र उनका स्वामी तथा खेती आदि कर्म गर्ने प्रजाका पशु आदि र मनुष्यहरु र मनुष्यहरुको अत्यधिक पुरुषार्थले नै राजाको ऐश्वर्य अधिक बढ्दछ र न्यूनले नष्ट हुन्छ, त्यसैले राजाले प्रजा बाट कर लिने गर्दछ कि उनको रक्षा यथावत् गर्न सकियोस् तर राजा र प्रजाको सुखका कारण जो गाई आदि पशु छन् तिनको नाश गर्न हैन। त्यसैले आज सम्म जे भयो भयो, अब देखि आँखा खोलेर सबको लागि हानिकारक कर्म नगरियोस् र गर्न पनि नदिइयोस्। अँ, हामीहरुको काम यहि हो कि तपाइहरुलाई भलाई र कुभलाईको काम अवगत गराऊँ, र तपाईहरुको पनि काम यहि हो कि पक्षपात छोडेर सबको रक्षा र वृद्धि गर्नमा सदा तत्पर रहनु। सर्वशक्तिमान् जगदीश्वरले हामि र तपाइँहरु प्रति पूर्ण कृपा गरोस् कि जसबाट हामि र तपाइँहरु विश्वको हानिकारक कर्म छोडेर सर्वोपकारक काम गर्दै सब आनन्दमा रहौं। यी सबै कुरालाई एक कानले सुनेर अर्को कानले नउडाउनु, सुनेर मनमा राख्नु, यी असहाय एवं अनाथ पशु-पंक्षीहरुको प्राणलाई शीघ्र बचाऊ।

हे महाराजाधिराज जगदीश्वर ! यदि यिनको कसैले रक्षा गर्दैन भने तपाइँले नै यिनको रक्षा गर्न र हामी बाट गराउन शीघ्र उद्यत हुनुहोस्॥

**॥इति समीक्षा-प्रकरणम् ॥**

## यस सभाको नियम

१ – सब विश्वलाई विविध सुख पुर्याउनु इस सभाको मुख्य उद्देश्य हो, कसैको हानि गर्नु प्रयोजन हैन।

२ – जे जे पदार्थ सृष्टिक्रमानुकूल जुन जुन प्रकारले अधिक उपकारमा आउन सक्छन्, ति ति बाट आप्ताभिप्रायानुसार यथायोग्य सर्वहित सिद्ध गर्नु यस सभाको परम पुरुषार्थ हो।

३- जुन जुन कर्मले अधिक हानि र थोरै लाभ हुन्छ, त्यस त्यसलाई सभाले कर्त्तव्य सम्झदैन।

४ – जो जो मनुष्यले यस परमहितकारी कार्यमा तन, मन, धनले प्रयत्न र सहायता गर्दछन्, ति ति यस सभामा प्रतिष्ठाका योग्य हुन्छन्।
५ – जो कि यो कार्य सर्वहितकारी हो, त्यसैले यो सभाले भूगोलस्थ मनुष्य जाति बाट सहायताको पूरा आशा राख्दछ।
६ – जो जो सभा देश-देशान्तर र द्वीप-द्वीपान्तरमा परोपकार नै गर्न अभीष्ट राख्छन्, ति ति यस सभाको सहायकारिणी मानिने छन्।
७ – जो जो जनले राजनीति वा प्रजाको अभीष्ट विरुद्ध, स्वार्थी, क्रोधी र अविद्यादि रोगले प्रमत्त भएर राजा र प्रजाको लागि अनिष्ट कर्म गर्दछन्, ति ति यस सभाका सम्बन्धी मानिने छैनन्।

# उपनियम

## नाम:

१ – यस सभाको नाम "गोकृष्यादिरक्षिणी" हो।

## उद्देश्य:

२ – यस सभाको उद्देश तिनै हुन् जुन कि यसको नियमहरुमा वर्णन गरिएको छ।
३ – जसले यस सभामा नाम लेखाउन चाहन्छन (यस सभामा नाम लेखाउनको लागि मन्त्रि समक्ष यस प्रकारको पत्र पठाउनु पर्दछ कि 'म प्रसन्नतापुर्वक यस सभाको उद्देश्यानुकूल, जो नियमहरुमा वर्णन गरिएको छ, आचरण स्वीकार गर्दछु। मेरो नाम यस सभामा लेखिदिनुस्।' तर अन्तरंगसभालाई यो अधिकार रहनेछ कि कुनै विशेष हेतुले उनको नाम यस सभामा लेख्न स्वीकार नगर्नु ।।) र यसको उद्देशानुकूल आचरण गर्न चाहन्छन ति यस सभामा प्रविष्ट हुन सक्छन्, तर उनको आयु १८ वर्ष देखि न्यून न होस्। जो यस सभामा प्रविष्ट हुन्छन् ति 'गोरक्षकसभासद्' भनिनेछन्।
४ – जसको नाम यस सभामा सदाचारले एक वर्ष रहेको होस् र तिनले आफ्नो आयको शतांश वा अधिक मासिक वा वार्षिक यस सभालाई दिउन, ति 'गोरक्षकसभासद्' हुन सक्छन्। र सम्मति दिने अधिकार केवल गोरक्षकसभासदहरुको नै हुनेछ।
(अ) गोरक्षकसभासद् बन्नको लागि गोकृष्यादिरक्षिणी सभामा वर्ष भरी नाम रहने नियम कुनै व्यक्तिको लागि अन्तरंगसभाले शिथिल पनि गर्न सक्छ। यस सभामा वर्ष भरी रहेर गोरक्षकसभासद् बन्ने नियम गोकृष्यादिरक्षिणी सभाको दोस्रो वर्ष देखि काममा आउनेछ।
(ब) राजा, सरदार वा ठूला ठूला साहूकार आदि यस सभाको सभासद् बन्नको लागि शतांश नै दिनु पर्ने आवश्यकता छैन, एकपटक वा मासिक वा वार्षिक आफ्नो उत्साह वा सामर्थ्यानुसार दिन सक्छन्।
(स) अन्तरंगसभाले कुनै विशेष हेतुले चन्दा नदिने पुरुषलाई पनि गोरक्षकसभासद् बनाउन सक्छ।
(द) तल लेखिएको विशेष दशामा ति सभासदहरुको पनि, जो गोरक्षकसभासद् बनेका छैनन्, सम्मति लिन सकिन्छ: –
(१) जब नियमहरुमा न्यूनाधिक शोधन गर्नुपर्दा।
(२) जब कि विशेष अवस्थामा अन्तरंगसभाले उनको सम्मति लिनयोग्य र आवश्यक सम्झेमा।
५ – जसले यस सभाको उद्देश्य विरुद्ध कर्म गर्दछ त्यो न त गोरक्षक न गोरक्षकसभासद् गनिनेछ।
६ – गोरक्षकसभासद् दुई प्रकारका हुनेछन् – एक साधारण र दोस्रो माननीय। माननीय गोरक्षकसभासद् ति हुनेछन् जसले शतांश, १० रु० मासिक वा यो भन्दा अधिक दिन्छन् अथवा एक पटकमा २५० रु. दिन्छन्, वा जसलाई अन्तरंगसभाले विद्या आदि श्रेष्ठ गुणहरुले माननीय सम्झन्छ।
७ – यो सभा दुई प्रकारको हुनेछ – एक साधारण, दोस्रो अन्तरंग।
८ – साधारण सभा तीन प्रकारको हुनेछ – १. मासिक, २. षाणमासिक र ३. नैमित्तिक।
९ – मासिकसभा – प्रतिमहिना एक पटक हुनेछ, त्यसमा महीना भरीको आय-व्यय र सभाका कार्यकर्त्ताहरुको क्रियाको वर्णन गरिनेछ जो कि कथन योग्य होस्।
१० – षाणमासिक सभा – कार्तिक र वैशाखको अन्तमा हुनेछ, उसमा आप्तोक्त विचार, मासिक सभाको कार्य, प्रत्येक प्रकारको आय-व्यय सम्झनु र सम्झाउनु पर्नेछ।
११ – नैमित्तिक सभा – जब कहिले मन्त्री, प्रधान र अन्तरंगसभाले आवश्यक ठानेमा उसै समय यो सभा हुनेछ र उसमा विशेष कार्यहरुको प्रबन्ध हुनेछ।
१२ – अन्तरंगसभा – सभाको सब कार्यप्रबन्धको लागि एक अन्तरंगसभा नियत गरिनेछ, र यसमा तीन प्रकारका सभासद् हुनेछन् – एक प्रतिनिधि, दोस्रो प्रतिष्ठित र तेस्रो अधिकारी।
१३ – प्रतिनिधि सभासद् आफ्नो आफ्नो समुदायहरुका प्रतिनिधि हुनेछन्, र तिनलाई तिनका समुदायले नियत गर्नेछन्। कुनै समुदायले जब चाह्यो आफ्ना प्रतिनिधिलाई बदल्न सक्नेछ।
१४ – प्रतिनिधि सभासदहरुको विशेष कार्य यी हुनेछन् –
(अ) आ-आफ्ना समुदायहरुको सम्मतिले आँफूलाई विज्ञ राख्नु।
(ब) आ-आफ्ना समुदायहरुको अन्तरंगसभाको कार्य, जो प्रकट गर्न योग्य हुन्छ त्यो भन्नु।
(स) आ-आफ्ना समुदायहरु बाट चन्दा जम्मा गरेर कोषाध्यक्षलाई दिनु।
१५ – प्रतिष्ठित सभासद् विशेष गुणहरुको कारणले प्रायः वार्षिक, नैमित्तिक र साधारण सभामा नियत गरिनेछ, प्रतिष्ठित सभासद् अन्तरंगसभामा एक तिहाई भन्दा अधिक हुने छैनन्।

१६ – प्रत्यक वैशाखको सभामा अन्तरंगसभाका प्रतिष्ठित सभासद् र अधिकारी वार्षिक साधारण सभामा पुनः नियत गरिनेछन, र कुनै पुराना प्रतिष्ठित सभासद् र अधिकारी पुनः नियुक्त हुन सक्नेछन्।

१७ – जब वर्ष भन्दा पहिले कुनै प्रतिष्ठित सभासद् र अधिकारीको स्थान रिक्त हुन्छ भने अन्तरंगसभाले स्वयं नै उसको स्थानमा कुनै अन्य योग्य पुरुषलाई नियत गर्न सक्नेछ।

१८ – अन्तरंगसभाले कार्यको प्रबन्ध निमित्त उचित व्यवस्था बनाउन सक्नेछ, तर त्यो नियमहरु र उपनियमहरुको विरुद्ध हुने छैन।

१९ – अन्तरंगसभाले कुनै विशेष कार्य गर्न र सोंच्नको लागि आँफूमध्ये बाट सभासदहरु र विशेष गुण भएका सभासदहरुलाई मिलाएर उपसभा नियत गर्न सक्नेछ।

२० – अन्तरंगसभाको कुनै सभासद्ले मन्त्रीलाई एक सप्ताह भन्दा पहिले विज्ञापन दिन सक्नेछ कि कुनै विषय सभामा निवेदन गरियोस्, र त्यो विषय प्रधानको आज्ञानुसार निवेदन गरिनेछ। तर जुन विषयलाई निवेदन गर्नमा अन्तरंगसभाका पांच जना सभासद्ले सम्मति दिन्छन्, त्यो अवश्य निवेदन गर्नु नै पर्नेछ।

२१ – दुई सप्ताह पछी अन्तरंगसभा अवश्य हुनेछ, र मन्त्री र प्रधानको आज्ञा बाट वा जब अन्तरंगसभाका पाँच जना सभासद्ले मन्त्रीलाई पत्र लेखे भने पनि हुन सक्नेछ।

२२ – अधिकारी छः प्रकारका हुनेछन् – (१) प्रधान, (२) उपप्रधान, (३) मन्त्री, (४) उपमन्त्री, (५) कोषाध्यक्ष, (६) पुस्तकाध्यक्ष। मन्त्री, कोषाध्यक्ष, पुस्तकाध्यक्षको अधिकारमा आवश्यकता भयो भने एक भन्दा अधिक पुरुष पनि नियत हुन सक्नेछन्। र जब कुनै अधिकारमा एक भन्दा अधिक पुरुष नियत भए भने अन्तरंगसभाले उनलाई कार्य विभाजन गरिदिनेछ।

२३ – **प्रधान** – प्रधानको निम्नलिखित अधिकार र काम हुनेछ –

(१) प्रधान अन्तरंगसभा आदि सब सभाहरुको सभापति मानिनेछ।

(२) सदा सभाका सब कार्यहरुलाई यथावत् प्रबन्ध गर्न र सर्वथा सभाको उन्नति र रक्षामा तत्पर रहने। सभाका प्रत्येक कार्यहरु नियमानुसार भए नभएको निरीक्षण गर्ने र स्वयं पनि नियमानुसार चल्ने।

(३) यदि कुनै विषय कठिन र आवश्यक प्रतीत भयो भने त्यसको यथोचित प्रबन्ध त्यसै समय गर्ने र ति बिग्रेमा उत्तरदाता स्वयं हुनेछ।

(४) प्रधानले आफ्नो प्रधानत्वको कारण सब उपसभाहरुको जसलाई अन्तरंगसभाले संस्थापन गर्दछ, सभासद् हुन सक्छ।

२४ – **उपप्रधान** – उपप्रधानको निम्नलिखित अधिकार र काम हुनेछ –

प्रधानको अनुपस्थितिमा उसको प्रतिनिधि हुने। यदि दुई भन्दा अधिक उपप्रधान छन् भने सभाको सम्मति अनुसार ति मध्ये कुनै एक प्रतिनिधि गरिनेछ, तर सभाको सब कार्यहरुमा प्रधानलाई सहायता दिनु उसको मुख्य कार्य हो।

२५ – **मन्त्री** – मन्त्रीको निम्नलिखित अधिकार र काम हुनेछ –

(१) अन्तरंगसभाको आज्ञानुसार सभाको तर्फ बाट सबका साथ पत्र-व्यवहार राख्नु।

(२) सभाहरुको वृत्तान्त लेख्नु र अर्को सभा हुनु भन्दा पहिले नै पूर्व वृत्तान्त पुस्तकमा लेख्नु या लेखाउनु।

(३) मासिक अन्तरंगसभाहरुमा ति गोरक्षकहरु वा गोरक्षक-सभासदहरुको नाम सुनाउनु जो पछिल्लो मासिकसभा पछी सभामा प्रविष्ट वा त्यसबाट पृथक भएका हुन्।

(४) सामान्य प्रकारले भृत्यहरुको कार्यमा दृष्टि राख्नु, र सभाको नियम, उपनियम र व्यवस्थाको पालन मा ध्यान राख्नु।

(५) यस कुराको पनि ध्यान राख्नु कि प्रत्येक गोरक्षक-सभासद् कुनै न कुनै समुदायमा हुन्, र यसको पनि कि प्रत्येक समुदायले आफ्नो तर्फ बाट अन्तरंगसभामा प्रतिनिधित्व गरेका हुन्।

(६) पहिले विज्ञापन दिएपछि मान्यपुरुषहरुलाई सत्कारपूर्वक बसाउनु।

(७) प्रत्येक सभामा नियत कालमा आउनु र बराबर रहनु।

२६ – **कोषाध्यक्ष** – कोषाध्यक्षको निम्नलिखित अधिकार र काम हुनेछ –

(१) सभाको सबै आयधन लिनु, त्यसको रसीद दिनु र यथोचित राख्नु।

(२) कसैलाई अन्तरंगसभाको आज्ञा विना रुपैयाँ नदिनु तर मन्त्री र प्रधानलाई पनि त्यस प्रमाण अनुसार दिनु कि जति अन्तरंगसभाले उनका लागि नियत गरेको छ, अधिक नदिनु। र धनको उचित व्ययको लागि त्यहि अधिकारी, जस द्वारा उक्त व्यय भएको हो, उत्तरदाता हुनेछ।

(३) सब धनको व्ययको रीतिपूर्वक बहीखाता राख्नु, र प्रतिमहिना अन्तरंगसभामा हिसाबको बहीखाता समेत जाँच पड्ताल र स्वीकारको लागि निवेदन गर्नु।

**पुस्तकाध्यक्ष** – पुस्तकाध्यक्षको निम्नलिखित अधिकार र काम हुनेछ –

(१) पुस्तकालयमा जुन सभाको स्थिर तथा विक्रयका पुस्तक छन् ति सबको रक्षा गर्नु र पुस्तकालय सम्बन्धी हिसाब पनि राख्नु र पुस्तकहरुको लेनदेनको कार्य पनि गर्नु।

## मिश्रित नियम

२८ – सब गोरक्षक-सभासदहरुको सम्मति निम्नलिखित दशामा लिने –

(१) अन्तरंगसभालाई यो निश्चय होस् कि कुनै साधारणसभाको सिद्धान्तमा निर्भर रहनु हुँदैन तर गोरक्षक-सभासदहरुको सम्मति जान्नु पर्दछ।

(२) सब गोरक्षक सभासदहरुको बीसौं वा अधिक अंश यस निमित्त मन्त्रीलाई पत्र लेखेर दिने।

(३) जब अधिक व्यय सम्बन्धी वा प्रबन्धसम्बन्धी नियम अथवा व्यवस्था-सम्बन्धी कुनै मुख्य विचारादि गर्नु छ। अथवा जब अन्तरंगसभाले सब गोरक्षक सभासदहरुको सम्मति जान्न चाहेमा।

२९ – जब कुनै सभामा थोरै समयको लागि कुनै अधिकारी उपस्थित भएन भने त्यसको स्थानमा उस समयको लागि कुनै योग्यपुरुषलाई अन्तरंगसभाले नियत गर्न सक्छ।

३० – यदि कुनै अधिकारीको स्थानमा वार्षिक साधारण सभामा कुनै पुरुष नियत गरिएन भने जबसम्म उसको स्थानमा नियत गरिदैन त्यहि अधिकारीले आफ्नो काम गरिरहोस्।
३१ – सब सभा र उपसभाहरुको वृत्तान्त लेख्ने गरियोस र त्यसलाई सब गोरक्षक-सभासद्ले हेर्न सक्छन ।
३२ – सब सभाहरुको कार्य तब मात्र आरम्भ हुनेछ जब न्यून भन्दा न्यून एक तिहाई सभासद्हरुको उपस्थिति हुनेछ।
३३ – सब सभाहरु र उपसभाहरुको सारा काम बहुपक्षानुसार निश्चित हुनेछ।
३४ – आयको दशांश समुदाय धनमा राखिनेछ।
३५ – सब गोरक्षक र गोरक्षक-सभासदहरुले यस सभाको उपयोगी वेदादि विद्या जान्नु र जनाउनु पर्नेछ।
३६ – सब गोरक्षक र गोरक्षक-सभासदहरुले लाभ र आनन्दको समयमा सभाको उन्नतिको लागि उदारता र पूर्ण प्रेमदृष्टि राख्नु।
३७ – सब गोरक्षक र गोरक्षक-सभासदहरुले शोक र दुःखको समयमा परस्पर सहायता गर्नु र आनन्दोत्सवमा निमन्त्रण भएमा सहायक हुनु, सानो-ठूलोको भेदभाव नगर्नु ।
३८ – कुनै गोरक्षक दाजु-भाई कुनै हेतुले अनाथ वा कसैकी स्त्री विधवा अथवा सन्तान अनाथ भए भने अर्थात् उनको जीवन संकटमा भयो भने र यदि गोकृष्यादिरक्षिणी सभाले उनको समस्या निश्चित गर्यो भने यो सभाले उनको रक्षामा यथाशक्तिले यथोचित प्रबन्ध गर्नु ।
३९ – यदि गोरक्षक-सभासदहरुमा कसैको परस्पर झगडा भयो भने उनीहरु आपसमा समझदारी गर्नु नै उचित छ वा गोरक्षक सभासदहरुको न्याय उपसभा द्वारा उसलाई न्याय दिलाउनु । तर अशक्यावस्थामा राजनीति द्वारा पनि न्याय गराउनु।
४० – यस गोकृष्यादिरक्षिणी सभाको व्यवहारमा जति-जति लाभ हुन्छ त्यति-त्यति सर्व-हितकारी काममा लगाउनु, तर यो महाधन तुच्छ कार्यमा व्यय नगर्नु। र यदि कसैले यस गोकृष्यादिको लागि जो धन छ, त्यसलाई चोरी द्वारा अपहरण गर्छ, त्यो गोहत्याको पाप लाग्नाले यस लोक र परलोकमा महादुःखभागी अवश्य हुनेछ।
४१ – सम्प्रति यस सभाको धनको व्यय गवादि पशु किन्न, उनको पालन गर्न, जंगल र घाँस क्रय गर्न, उनको रक्षाको लागि भृत्य वा अधिकारी राख्न, तलाउ, कुवा, ईनार आदि जलाशय अथवा पशुशाला निर्माणको लागि व्यय गरिनेछ। पुनः अत्युन्नत भयो भने सर्वहित कार्यहरुमा पनि व्यय गरिनेछ।
४२ – सबै सज्जनहरुको कर्तव्य हो कि यस गोरक्षक धन आदि समुदायमा स्वार्थ-दृष्टिले हानि गर्न कदापि मनले पनि विचार नगर्नु, तर यथाशक्तिले यस व्यवहारको उन्नतिमा तन, मन, धनले सदा परम प्रयत्न गर्ने गर्नु।
४३ – यस सभाका सब सभासदहरुले यो कुरो अवश्य जान्नु पर्दछ जब गवादि पशु रक्षित भएर अधिक बढ्लान, तब कृषि आदि कर्म र दुग्ध घृत आदिको वृद्धि भएर सब मनुष्यादिलाई विविध सुख लाभ अवश्य होला । यो विना सबको हित सिद्ध हुन सम्भव छैन।
४४ – हेर्नुस्, पूर्वोक्त रीत्यानुसार एक गौको रक्षा बाट लाखौँ मनुष्यादिलाई लाभ पुग्छ भने त्यसलाई मार्नाले त्यतिकैको हानि हुन्छ, यस्ता निकृष्ट कर्म गर्नुलाई आप्त विद्वान्हरुले कदापी राम्रो सम्झदैनन।
४५ – यस सभाका जो जो पशु प्रसूत हुन्छन्, त्यस त्यसको दुध एक महिना सम्म उसकै बच्चाई खुवाउनु र अधिक भयो भने त्यसै पशुलाई अन्नका साथ मिलाएर खुवाउनु पर्दछ, र दोस्रो महिनामा तीन स्तनको दुध बच्चालाई छोड्दिनु र एक भाग मात्र आँफूले लिनु, तेस्रो महिनाको आरम्भ देखि आधा दुध दुहनु र आधा बच्चालाई तब सम्म छोड्दिनु जब सम्म गौले दुध दिन्छ।
४६ – सभासदहरुको लागि यहि उचित छ कि जब-जब कसैलाई स्वरक्षित पशु दिइन्छ तब-तब न्यायनियमपूर्वक वयवस्थापत्र लिने र दिने गर्नु किनकि जब उक्त पशु असमर्थ भएर, उसको कुनै कामको रहँदैन र पालन गर्नमा पनि सामर्थ्य हुँदैन, त्यस्तो पशु अन्य कसैलाई दिन नसकोस् तर पुनरपि सभाको आधीन गरोस्।
४७ – यस सभाको अन्तरंग सभालाई यो गर्नु उचित तथा अत्यावश्यक छ कि उक्त प्रकारले अप्राप्त पशुहरुको प्राप्ति, प्राप्तहरुको रक्षा, रक्षितहरुको वृद्धि र बढेका पशुहरु बाट नियमानुसार र सृष्टिक्रमानुकूल उपकार लिने काम आफ्नो अधिकारमा सदा राख्नु, अन्य कसैलाई यसमा स्वाधीनता कदापि नदिनु।
४८ – यो अत्यन्तै उपकारी कार्य हो त्यसैले यस्तो कार्य गर्नेहरुलाई यस लोक र परलोकमा स्वर्ग अर्थात् पूर्ण सुख अवश्य प्राप्त हुन्छ ।
४९ – कुनै पनि मनुष्यले यस सभाको पूर्वोक्त उद्देश्यहरु पूरा गरे विना सुखको सिद्धि गर्न सक्दैन।
५० – के यस्तो कुनै मनुष्य यस सृष्टिमा होला जसले आफ्नो सुख दुःखवत् अन्य प्राणिहरुको सुख दुःख आफ्नो आत्मामा महशूस नगर्दोहो ।
५१ – यी नियम र उपनियम उचित समयमा वा प्रतिवर्ष यथोचित विज्ञापन दिएर संशोधन वा घटाउन-बढाउन सकिनेछ ॥

ओ३म् सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै
तेजस्विनावधीतमस्तु मा विद्विषावहै ॥
ओं शान्तिः शान्तिः शान्तिः ॥

धेनुः परा दयापूर्वा यस्यानन्दाद्विराजते ।
आख्यायां निर्मितस्तेन ग्रन्थो गोकरुणानिधिः ॥१॥
मुनिरामांकचन्द्रेऽब्दे तपस्यस्यासिते दले ।
दशम्यां गुरुवारेऽलंकृतोऽयं कामधेनुपः ॥२॥

**॥ इति गोकरुणानिधिः ॥**

दयानन्द सरस्वति

